नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्यालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-३२३ दायर मितिः-२०८१/१२/२९**

**फैसला मितिः-२०८२/०४/०५**

| **वादी** | **प्रतिवादीहरु** |
|---|---|
| **बाबाबिर माथेमाको जाहेरीले नेपाल सरकार........................१** | **जिल्ला पर्सा बी.म.न.पा.वडा नं.१० बस्ने प्रमोद मालीको छोरा वर्ष २८ को मन्दिप माली समेत ४ जना ................................१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै कुटपिट समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त .।
२. प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै कुटपिट समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. हामीले जाहेरवालालाई गाली गलौज गर्दै कुटपिट समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरु मन्दिप माली, धिरज माली र प्रमोद मालीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै कुटपिट समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सुवास कुमार सिंह समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादीहरु मन्दिप माली, धिरज माली र प्रमोद माली यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।१२।१० गते राति अं.२१:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१० अशोक वाटिका स्थित बिपक्षीहरू मन्दिप माली समेतले लेनदेनको बिषयलाई लिई फोन गरी घरमा बोलाई घेरा हाली अश्लिल गाली गलौज गर्दै कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेको हुँदा विपक्षीहरुलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको बाबाबिर माथेमाको जाहेरी दरखास्त, तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान तथा प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीहरु मन्दिप माली, धिरज माली, प्रमोद माली र थमाउने म्याद समेत गुजारी बसेका अर्का प्रतिवादी राजा माली समेतले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादी मन्दिप मालि र जाहेरवालासँग पुरानो लेनदेन रहेकोमा जाहेरवाला प्रतिवादीको घर गई पैसा माग्दा सोही विषयलाई लिई जाहेरवालालाई प्रतिवादीहरु मन्दिप माली, धिरज माली, प्रमोद माली र राजा मालीले अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु मन्दिप माली, धिरज माली र प्रमोद मालीलाई कैद दिन २४ र जनही जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र र अनुपस्थित प्रतिवादी राजा मालीलाई कैद महिना ३ हुने ठहर्छ । साथै ऐ.ऐ.संहितको

दफा १२७ को हकमा प्रतिवादीहरुबाट उपचार खर्च रु.८८९९/- जाहेरवालालाई भरी भराई दिने समेत ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु मन्दिप माली, धिरज माली र प्रमोद मालीलाई ठहरेको कैद दिन २४ निजहरु मिति २०८१/१२/१० देखि २०८२/०१/०२ हिरासत र थुनामा बसी कैद भुक्तान गरिसकेको, जरिवानाको हकमा निजहरुले क्रमशः र.नं.२९०, २९१ र २९२/२०८२/०१/०३ बाट दाखिला गरेको जनही धरौटी रकम रु.१००००/- बाट जरिवाना रकम रु.१००००/- कट्टी गर्नु र ऐ.ऐ.संहिताको दफा १२७ को हकमा मन्दिप मालीसमेतले र.नं.२९३/२०८२/०१/०३ बाट दाखिला गरेको धरौटी रकम रु.८८९९/- जाहेरवालालाई भरी भराई दिन लेखा शाखा, जिल्ला प्रशासन कार्यालय, पर्सालाई लेख्नु । साथै अनुपस्थित प्रतिवादी राजा मालीलाई ठहरेको कैद महिना ३ भुक्तान गराउन जिल्ला प्रहरी कार्यालय, पर्सालाई पत्र लेख्नु -----------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी उपस्थित प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु-----------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-------------------१

**गणेश अर्याल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८२ श्रावण महिना ५ गते सोमवार रोज २/ ने.सं. ११४५ दिल्लागा एकादशी, शुभम् ........